# फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थोक्लिम्बा, पाँचथर
१ नम्बर प्रदेश

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थोक्लिम्बा, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

## करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७८/०९/११)

फालेलुङ गाउँ कार्यपालिकाको मिति २०७८।०९।०९ गतेको निर्णय अनुसार फालेलुङ गाउँपालिकाको करारमा प्रविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ बमोजिम देहायको रिक्त पदमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकलाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | बिज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ४-२०७८/०७९ | सव-इन्जिनियर | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

**१) आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरीङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- पूर्वधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको)

(घ) अन्य प्रचलित कानुनले अयोग्य नभएको।

२) दरखास्त दिने स्थानः- फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय थोक्लिम्बा।

३) दरखास्त दिने अन्तिम मितिः-२०७८।०९।२५ गते दिनको ४ बजे सम्म।

४) दरखास्त दस्तुर बुझाउने स्थानः-प्राइम कमर्सियल बैंकमा रहेको आन्तरीक राजश्व खाता नं ०७३००३१२CA मा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्ने छ।

५) आवेदनको दस्तुरः- रकम रु. ५०० (अक्षेरेपि रकम रु पाँच सय मात्र।)

६) छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तरवार्ता।

७) आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

८) दरखास्त फारम :- फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय वा फालेलुङ गाउँपालिकाको वेबसाइट www.phalelungmun.gov.np बाट प्राप्त गर्न सकिने छ।

९) सेवा सुविधाः - गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

८) यस सम्बन्धमा थप जानकारीको लागि सम्पर्क नम्बर :- ९८५२६८४२२५ (इन्जिनियर), ९८५२६८४१०४ (प्रमुख प्रशासकीय अधिकृत)

२०७८/०९/११

बिनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत